# बारागढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खोपवा, बारा
मधेश प्रदेश
स्थापित-२०७३

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

**सडक मर्मत सम्भार कामदार/समूह आवश्यकता सम्बन्धी ७ दिने सार्वजनिक सूचना !!!**

प्रकाशित मिति :- २०८२/०८/१७ गते

पर्वधार विकास कार्यालय, बाराले यस बारागढी गाउँपालिकामा पर्ने तामागढी गेट MRM कोल्हवी मलाही पटेर्वा सिम्रौनगढ बोर्डर सडक, बारा (सडक कोड: PR-MH-047) नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मत सम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ । सडक मर्मत सम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मत सम्भार कामदारहरु आवश्यक भएको छ ।

तपसिल

| सि.नं. | सडकको शुरुको स्थान | सडकको अन्तिम स्थान | कामदारको माग संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१ | तामागढी गेट | सिम्रौनगढ बोर्डर सडक, बारा | २ (दुई) जना | |

सडक मर्मत समूहका सदस्यहरूले आधारभूत सफाई र सरसफाई कार्यहरू साथै सानातिना मर्मत कार्यहरू गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ । कार्य पूर्णकालीन (Full-time) हुनेछ र एक वर्ष अवधिको लागि हुनेछ ।

पूर्वाधार विकास कार्यालय, बारा मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस बारागढी गाउँपालिकामा पर्ने तामागढी गेट MRM कोल्हवी मलाही पटेर्वा सिम्रौनगढ बोर्डर सडक, बारा सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.ब. २०८२/०८३ को लागि २(दुई) जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागि यस बारागढी गाउँपालिकालाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ । इच्छुक व्यक्तिहरुले यस बारागढी गाउँपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भई आफ्नो दरखास्त विवरण दर्ता गराउनु हुन अनुरोध गरिन्छ । समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

दरखास्त दर्ता हनको लागि आवश्यक मापदण्ड :

१. प्राविधिक मापदण्ड

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रुपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ ।

२०८२/०८/१६

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# बारागढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खोपवा, बारा
मधेश प्रदेश
स्थापित-२०७३

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

२. सामाजिक मापदण्ड :

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफनो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार नगरपालिका/गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरुबाट हुनुपर्नेछ ।
- महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ र महिला सहभागितालाई प्रवर्धन गरिनेछ । छनौट गरिएका मर्मत सम्भार कामदारहरु कम्तिमा ५०% महिला हुनुपर्नेछ । सम्भव भएसम्म सबै छनौट गरिएका मर्मत सम्भार कामदारहरु महिला हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार कम्तिमा ५०% प्रतिशत दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ ।

३. दरखास्त दिने अन्तिम मिति, समय र स्थान :

- ➢ आवेदनको अन्तिम मिति :- मिति २०८२/०८/२३ गते मंगलवार
- ➢ समय :- कार्यालय समय भित्र
- ➢ सम्पर्क स्थान :- बारागढी गाउँपालिकाको कार्यालय, खोपवा बारा

४. पारिश्रमिक भुक्तानी : श्री पूर्वाधार विकास कार्यालय, बाराबाट नियमानुसार मासिक पारिश्रमिक भुक्तानी गरिनेछ ।

नोट :- कार्यालयले आवश्यक ठानेमा RMG guideline अनुसार संशोधन गर्न सक्नेछ ।

२०८२.०८.१८
प्रमुख प्रशासकीय अधिकृत



CamScanner